डाक्नेश्वरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पातो, सप्तरी
मधेश प्रदेश, नेपाल

# स्थानीय राजपत्र

## डाक्नेश्वरी नगरपालिकाद्वारा प्रकाशित

**खण्डः१** **संख्याः१** **कार्यपालिकाबाट पारित मिति : २०८२/०४/०५**

**प्रमाणिकरण मिति : २०८२/०४/०५**

## डाक्नेश्वरी नगरपालिका कन्टिन्जेन्सि खर्च तथा प्राबिधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि–२०८२

# डाक्नेश्वरी नगरपालिका कन्टिन्जेन्सि खर्च तथा प्राबिधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि–२०८२

नगर कार्यपालिकाको स्वीकृत मितिः २०८२।०४।०५ गते सार्वजनकि खरिद नियमावली २०६४ को नियम १० को उपनियम (७) अनुसुची-१ र नियम १२ को उपनियम (४) को अनुसुची (क) १ स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिइएको अधिकार प्रयोग गरी डाक्नेश्वरी नगरपालिका "डाक्नेश्वरी कन्टिजेन्सि खर्च तथा फिल्ड सुविधा कार्यविधि-२०८२ जारी गरको छ" ।

**प्रस्तावना**

यस नगरपालिका भित्रका सार्वजनिक कार्य, परामर्श सेवा सम्बन्धी कार्य सम्पादन गर्दा भैपरी आउने किसिमका खर्चलाई लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सि रकम र कार्यालय व्यवस्थापन खर्चको रुपमा समावेश गर्न सकिने व्यवस्था भएको छ । वर्क चार्ज स्टाफ खर्च र साना-तिना अन्य खर्चमा वर्गीकरण व्यवस्था भएको कन्टिन्जेन्सि रकम एवम् कार्यालय व्यवस्थापन खर्चलाई सम्बन्धित निर्माण कार्य वा परामर्श सेवासँग सम्बन्धित काममा मात्र मितव्ययी प्रभावकारी एवं पारदर्शी रुपमा खर्च गर्न वाञ्छनीय देखिएकोले कार्य क्षेत्रभित्र प्राविधिक कर्मचारीहरु योजना स्थलमै जानुपर्ने गरी सञ्चालन हुने विकास योजना, कार्यक्रम हुने तथा फर-फारक, फर्छ्यौट गर्न प्राविधिक कर्मचारीले प्राप्त गर्ने सुविधालाई व्यवस्थित गर्न नगरपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ ।

## परिच्छेद १

१) **संक्षिप्त नाम र प्रारम्भ :**

क) कार्यविधिको नाम "नगरपालिका नगरपालिका कन्टिन्जेन्सि खर्च तथा प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि-२०८२"

ख) यो कार्यविधि नगरपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२) **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "अनुगमन टोली" भन्नाले कार्यालयले गठन गरेको अनुगमन टोली बुझ्नु पर्दछ ।

ख) "योजना" भन्नाले नगरपालिकाभित्र सञ्चालित योजनाहरु बुझ्नु पर्दछ ।

ग) "कार्यालय" भन्नाले नगरपालिका नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ) "समिति" भन्नाले उपभोक्ता समिति वा लाभग्राही समिति भन्ने सम्झनु पर्दछ ।

ङ) "प्राविधिक कर्मचारी" भन्नाले इन्जिनियर, सव-इन्जिनियर, असिस्टेन्ट सव-इन्जिनियर, खा.प.स.टे. लगायत इन्जिनियरिङ्ग सेवा सम्वद्ध कर्मचारी सम्झनु पर्दछ ।

च) "कन्टिन्जेन्सि रकम" भन्नाले वर्क चार्ज स्टाफ खर्च र साना तिना अन्य खर्च अर्न्तगत खर्चका लागि आयोजनाबाट कट्टा गरिनेसार्वजनिक खरिद नियमावलीको नियम १० उपनियम (७) अनुसुचि १ बमोजिम कट्टा गरिएको रकम सम्झनु पर्छ ।

छ) “वर्क चार्ज स्टाफ खर्च” भन्नाले सम्बन्धित निर्माण कार्यको सुपरभिजन, प्रत्यक्ष रुपमा सम्बन्धित खर्च, सवारी साधन तथा मेशिन औजार उपकरण मर्मत सम्भार खर्चलाई सम्झनु पर्दछ ।

ज) “सानातिना अन्य खर्च” भन्नाले सम्बन्धित निर्माण कार्यसँग सम्बन्धित प्रस्ताव खर्च, सूचना प्रकाशन, इन्धन, स्टेशनरी, टेलिफोन (मोबाइल), फोटोकपी/प्रिन्टर/कम्प्यूटर/ल्यापटप खरिद, बैठक भत्ता तथा ममर्त एव नियमित रुपमा कार्यालय व्यवस्थापनको लागि आवश्यक पर्ने अन्य सामान सम्बन्धी खर्चलाई सम्झनु पर्छ ।

## परिच्छेद २

**३. असुल उपर गरिने :**

यस कार्यविधि विपरीत बढी फिल्ड सुविधा उपभोग गरेको वा दफा ५ बमोजिमको समयमा प्रतिवेदन पेश नगरेको वा यस कार्यविधि बमोजिमको प्रक्रिया पुरा नगरेको ठहर भएमा त्यस्तो भुक्तानी लिने कर्मचारीबाट बढी ठहर भएको बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**४. फिल्ड सुविधाः**

(क) प्रतिवेदनको आधारमा योजना संचालन भएको मिति देखि प्रति महिना सबै तहको प्राविधिक कर्मचारीको हकमा नेपाल सरकारको स्वीकृत तलब स्केलको १५% जोडी फिल्डभत्ता उपलब्ध गराइनेछ ।

ख) फिल्ड खटिने प्राविधिक कर्मचारीहरुलाई मासिक रुपमा टेलिफोन/मोबाईल खर्च स्वरुप शाखा/उपशाखाका कर्मचारीहरुलाई रु. पाँच सय उपलब्ध गराइनेछ ।

## परिच्छेद ३

५. **आयोजना व्यवस्थापनसेवा (कन्टिन्जेन्सी) खर्च सम्बन्धी व्यवस्था :**

१) स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजना कार्यकुशलता, प्रभावकारी तथा मितव्ययिता सिद्धान्त अनुसार संचालनमा सहयोग पुऱ्याउन पुँजीगत लगानीको कन्टिन्जेन्सी रकम खर्च गर्दा देहायका क्रियाकलापमा मात्र खर्च गर्नुपर्ने।

क) आयोजना सर्वेक्षण, सम्भाव्यता अध्ययन, डिजाइन, ड्रईङ्ग, लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन सम्बन्धी खर्च ।

ख) कार्यक्रम वा आयोजनाको सुपरिवेक्षण, अनुगमन, मुल्याङकन, नाप जाँच, चेकजाँच, जाँचपास तथा प्रतिवेदन सम्बन्धी प्राविधिक खर्च ।

ग) आयोजना व्यवस्थापनका लागि चाहिने अत्यावश्यक (साना प्रकृतिका) प्राविधिक उपकरणहरु ।

घ) भौतिक पूर्वाधार तर्फका प्राविधिक कर्मचारी शाखा प्रमुख इन्जिनियर, सव-इन्जिनियर/असिस्टेन्ट सव- इन्जिनियर, खा.प.स.टे.हरुले फिल्डमा सर्वेक्षण, नाप जाँच, चेकजाँच लगाउन कार्यको लागि चेनमेन र सुपरभाइजर राख्दा सो खर्च ।

ङ) प्राविधिक कर्मचारी व्यवस्थापन तथा प्राविधिक कमर्चारीलाई दिइने फिल्ड भत्ता लगायतकासुवीधा ।

च) प्राविधिकहरुको आवश्यक कार्यालय व्यवस्थापनका लागि आवश्यक खर्चहरु ।

छ) प्राविधिक कर्मचारीहरुलाई आवश्यक गाडी/मोटर साइकल/स्कुटर खरिद तथा भाडामा लिन सकिने ।

ज) कार्यालयको काममा खटिएका प्राविधिकहरुले प्रयोग गरेको अफिसको गाडि इन्धन (पेट्रोल/डिजल) सर्भिसिङ्ग ( मोबिलखर्च समेत) बिल पेश गरिएको आधारमा दिइने ।

झ) आकस्मीक दुर्घटनाकोष : कन्टिन्जेन्सि रकम बाट एउटा आकस्मीक दुर्घटना कोष खडा गरिने छ । सो बाट फिल्डमा खटिने प्राविधिक कर्मचारीहरुलाई दुर्घटना हुँदा लाग्ने उपचार खर्चव्यहोरिनेछ । साथै मृत्यु भएमा निजका हकदारलाई एकमुष्ठ रु. दश लाख प्रदान गरिनेछ। सो कोषमा अपुग रकम नगरपालिकाबाट व्यहोरिनेछ।

ञ) प्राविधिक कर्मचारीहरुलाई क्षमता अभिवृद्धिको कार्यक्रमहरु संचालन गराइनेछ ।

## परिच्छेद-४

**६. प्रचलित कानुन बमोजिम हुने :**

यस कार्यविधिमा भएको व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुऱ्याएको मानिने छैन ।

**७. बाधा अड्काउ फुकाउने अधिकार :**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन नगरपालिकाको राजपत्रमा आदेश निकाल्न सकिनेछ । सो आदेश यसै कार्यविधिमा रहे सरह मानिनेछ ।

**८. अधिकार प्रत्यायोजन :**

नगरपालिकाले यस कार्यविधिको सम्पूर्ण दफा वा कुनै निश्चित दफाको कार्यान्वयनको अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्न सक्नेछ ।

**आज्ञाले**
**विजय कुमार मण्डल**
**प्रमुख प्रशासकीय अधिकृत**